# लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश २ नं. नेपाल

## सार्वजनिक पोखरी ठेक्का सम्वन्धी शिलवन्दी दरभाउपत्र आह्वान सूचना ।

(सूचना प्रकाशित मिति २०७६/०५/०२ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्रपर्ने देहाय वमोजिमको सार्वजनिक पोखरीहरुमा मत्स्यपालन गर्न गराउन आ.व. २०७६/०७७ देखि २०७८/०७९ अवधि सम्म (वर्ष ३) कालागि एकमुष्ठ गनीमहसुलमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

तपसिल :-

| सि.नं. | पोखरीहरुको नाम | ठेगाना | ठेक्का अवधि | न्यूनतम ठेक अंक |
|---|---|---|---|---|
| ०२. | मुसहर्निया पोखरी | लहान-१ | २०७६।२०७७ देखि २०७८/०७९ सम्म | १,७१,७१४।- |
| ०५. | कमल पोखरी | लहान-३ | ,, | १,५१,०००।- |
| ०९. | सिकियाही पोखरी | लहान-७ | ,, | १,२१,१२१।- |
| १३. | डोमा पोखरी | लहान-११ | ,, | ४०,५००।- |
| १५. | भिसा पोखरी | लहान-११ | ,, | १,००,०००।- |
| १७. | चन्न डवरा पोखरी | लहान-१२ | ,, | १४,९६३।- |
| २४. | बौकाई वाँघ पोखरी | लहान-१३ | ,, | ६,२००।- |
| २६. | घल्ले टोलको पोखरी | लहान-१३ | ,, | ९९,१५१।- |
| ३१. | सार्वजनिक ऐलानी पोखरी | लहान-१५ | ,, | ३,३९,०००।- |
| ३२. | वान खोल्सी पोखरी | लहान-१६ | ,, | १५,१५०।- |
| ३३. | एकरतिया पोखरी | लहान-१७ | ,, | २०,१००।- |
| ३४. | कार्की खून पोखरी | लहान-१७ | ,, | ५६,०००।- |
| ३७. | गुली पोखरी | लहान-१९ | ,, | ३,०६,२००।- |
| ३९. | जे.टि.जेड पोखरी | लहान-२० | ,, | ५५,१००।- |
| ४३. | ऐलानी डबरा | लहान-२० | ,, | १,०१,०००।- |
| ४४. | कालाबंजर बिचको पोखरी | लहान-२१ | ,, | ५१,३००।- |
| ४५. | कालाबंजर टोलको पोखरी | लहान-२१ | ,, | २,१५,७८६।- |
| ४७. | बेतहा दिनाजपुर सिमानाको पोखरी | लहान-२१ | ,, | १,२०,१००।- |
| ४८. | कल्याण दह बेली बाँध | लहान-२२ | ,, | ७,५०,७५०।- |
| ४९. | महिला पोखरी मटखोबा | लहान-२२ | ,, | १,२५,०२५।- |
| ५०. | लबका बाँध पोखरी | लहान-२२ | ,, | २६,०००।- |
| ५१. | भटीबाला पोखरी (जहदी टोल) | लहान-२२ | ,, | २,६०,०००।- |
| ५२. | धुरती घर नजिकको पोखरी (गमहरीया) | लहान-२२ | ,, | १,२७,०००।- |
| ५३. | मंडल घर नजिकको पोखरी (जहदी) | लहान-२२ | ,, | १,०१०००।- |
| ५४. | पुरानो पोखरी राम टोल नजिक | लहान-२२ | ,, | ३,५६,०००।- |
| ५५. | महाराजी कुटी पोखरी (पटेर्वा) | लहान-२२ | ,, | ७५,५००।- |
| ५६. | पुरानो पोखरी | लहान-२२ | ,, | २,११,०००।- |
| ५७. | महिला पोखरी | लहान-२२ | ,, | १,३०,०००।- |
| ५८. | हिताई पोखरी | लहान-२३ | ,, | ४,८७,७२८।- |

| | | | | |
|---|---|---|---|---|
| ५९. | परसैला पोखरी | लहान-२३ | ,, | ५,७४,३२२।- |
| ६०. | महाजन पोखरी | लहान-२३ | ,, | ४,८०,०००।- |
| ६१. | मुनीलाल पोखरी | लहान-२३ | ,, | ६,७५,०००।- |
| ६२. | रामेश्वर साह पोखरी | लहान-२३ | ,, | ४,३५०००।- |
| ६३. | बंकर पोखरी | लहान-२३ | २०७६।२०७७ देखि २०७८/०७९ सम्म | १,८७,५००।- |
| ६४. | सर्वजित पोखरी | लहान-२३ | ,, | ४,१६,५५२।- |
| ६६. | दर्शनिया पोखरी | लहान-२३ | ,, | ८२,६५०।- |
| ६७. | अजवलाल पोखरी | लहान-२३ | ,, | ३,७५,०००।- |
| ६८. | जहरु साहु पोखरी | लहान-२३ | ,, | ४,८१,५००।- |

शर्तहरु :-

०१. शिलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७५/०७६ कालागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात् मिती २०७६/०५/०८। गतेसम्म कार्यालय समयभित्र उल्लेखित दरभाउपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (आठौं) दिन अर्थात् २०७६/०५/०९ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्नेछैन ।

०३. दरभाउपत्र फाराम खरिद दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. दरभाउपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. शिलवन्दी दरभाउपत्र साथ आफूले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि.,लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा ७५ दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथै त्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ ।

०६. शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का अंकको अत्तिरिक्त न.पा.द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% रकम ठेक्क अंकमा जोडी कायम भएको रकम एकमुष्ठ बुझाउनु पर्नेछ ।

०७. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्क अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्क अंक मानिनेछ ।

०८. शिलवन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

०९. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बारुणयन्त्रलाई आवश्यक परेको बेला जुनसुकै बखत पनि पोखरीवाट पानी लिन सक्नेछ त्यसमा ठेकेदारले रोक्न पाईने छैन ।

११. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्ष समेत ठेकेदार आफैंले गर्नु पर्नेछ ।

१२. ठेक्का अवधिमा पोखरीको प्राकृति सौन्दर्य विग्रिने गरी डिल आदि विगार्न भत्काउन पाईने छैन ।

१३. प्राकृतिक विपद् वाहेक अन्य कुनै कारणवश भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी ठेकेदारले लिनुपर्नेछ ।

१४. दरभाउपत्र सम्वन्धी केही थप कुरा वुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत